नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २०० २०८२ साल फागुन २९ गते शुक्रबार (13 Mar 2026 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : लोकतन्त्रमा हार र ... ३ पृष्ठमा : पुस्तक समीक्षा पहिलो निर्वाचनको ... ३ पृष्ठमा : युद्ध अन्त्यका लागि ...

# निर्वाचन प्रहरीलाई प्रमाण पत्र प्रदानसहित बिदाई

**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन ।**

निर्वाचन प्रयोजनका लागि सरकारले भर्ना गरेको निर्वाचन प्रहरीहरुको बिहीबार बिदाई गरेको छ ।

बिहीबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा आयोजित बिदाई कार्यक्रममा निर्वाचन प्रहरीहरुलाई प्रमाण पत्रसहित बिदाई गरेको हो ।

आयोजि कार्यक्रममा प्रमुख जिल्ला अधिकारी टुवाराज पोखरेल, प्रहरी उपरिक्षक गौतम केसी, सशस्त्र प्रहरी उपरिक्षक रोशन बुढाथोकी, नेपाली सेना बरख गणका गणपति सोवित बहादुर चन्द, राष्ट्रिय अनुसन्धान विभागका उपनिर्देशक कुलचन्द्र नेउपाने लगायतले निर्वाचन प्रहरीलाई प्रमाण पत्र प्रदान गरेका थिए ।

फागुन २१ गते सम्पन्न प्रतिनिधीसभा सदस्य निर्वाचनका लागि जिल्लामा ४ हजार २ सय २२ निर्वाचन



प्रहरी भर्ना गरेको थियो ।

नर्वाचन प्रहरीको कार्यअवधि ४० दिन रहेको थियो जसअन्तरगत उनीहरुको सेवा सुविधा प्रतिदिन ८ सय ६९ रुपैयाँ ४० पैसाका दरले ४० दिनको पारिश्रमिक ३४ हजार ७ सय ७६ प्रदान गरिएको छ ।

त्यस्तै निर्वाचनको क्रममा खटिने निर्वाचन प्रहरीलाई खटिएको ठाउँमा आउने र जाने तयारी स्वरुप प्रतिनिर्वाचन प्रहरी एक पटकको लागि एकमुष्ट ८ सय ४६ का दरले तयारी खर्च उपलब्ध गराएको थियो । प्रतिदिन प्रतिनिर्वाचन प्रहरी ३ सयको दरले चार दिनका लागि एकमुष्ट १ हजार २ सय खाजा खर्च तथा पोसाक समेत पाएका थिए ।

सरकारले निर्वाचनका लागि मुलुक भर १ लाख ३३ हजार ९ सय ८० जना निर्वाचन प्रहरी भर्ना गरेको थियो । सो भर्नाका लागि १८ वर्ष पुरा भईसकेका र ५४ वर्ष ननाघेका नेपाली नागरिकले आवेदन दिएका थिए ।

# नाबालिका माथी ६८ वर्षिय बृद्धद्वारा यौन दुर्व्यबहार

**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा बुधवार साँझ एक नाबालिका माथी ६८ वर्षिय बृद्धद्वारा यौन दुर्व्यबहारको भएको घटना सार्वजनिक भएको छ ।

बजारमा किनमेल गरी घर फर्किदै गरेकी ती एक नाबालिका माथी यौन दुर्व्यबहार भएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार यौन दुर्ब्यवहारका आरोपी ६८ वर्षिय बृद्ध फरार छन । सोही नगरपालिका वस्ने बृद्धमाथी पीडित पक्षबाट उजुरी आएपछी उनको खोजतलास कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

बजारबाट घर फर्किदै गर्दा एकान्त स्थलको मौका छोपी ती बृद्धले बालिकाको सम्वेदनशिल अंगमा हात लगाई यौनदुर्ब्यवहार गरेको पीडित बालिकाका परिवारको भनाइ छ ।

बृद्धले ती नाबालिकालाई गलत नियतले शरीरको संम्वेदनशिल अंग छोएको भन्ने कुरा आएकोले यस बारे आवश्यक अनुसन्धान भइरहेको प्रहरी उपरिक्षक पुरीले जानकारी दिए ।

# दलित कृषकलाई बीउबिजन र कृषि सामग्री वितरण

**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन ।**

गरिबी निवारण तथा कृषि उत्पादनमा वृद्धि गर्ने उद्देश्यले सप्तरीको बलानबिहुल गाउँपालिकामा दलित कृषकलाई बीउबिजन र कृषि सामग्री वितरण वितरण गरिएको छ ।

सो गाउँपालिकाको वडा नं. ६ मा दलित कृषक समूहलाई बीउबिजन, कृषि उपकरण तथा विभिन्न कृषि सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले १ सय २० जना दलित कृषकलाई बीउबिजन, कृषि उपकरण तथा विभिन्न कृषि सामग्री वितरण गरिएको गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले जानकारी दिए । उनले



किसानलाई आत्मनिर्भर बनाउने उद्देश्यले यस्तो कार्यक्रम सञ्चालन गरिएको बताए ।

कृषकलाई खेतीपातीमा सहजता ल्याउने तथा उत्पादन वृद्धि गर्ने लक्ष्यसहित बीउबिजन र आवश्यक कृषि सामग्री प्रदान गरिएको गाउँपालिकाले जनाएको छ ।

स्थानीय कृषकहरूले प्राप्त गरेको सामग्रीले खेतीपातीमा सहयोग पुग्ने र उत्पादन बढाउन मद्दत गर्ने विश्वास व्यक्त गरेका छन् ।

# बिमाका बिरामीलाई बाहिर औषधि खरिद नगराउन अस्पताललाई निर्देशन

काठमाडौं, २८ फागुन (रासस) ।

स्वास्थ्य बिमा बोर्डले उपचार गराउन आएका बीमितलाई बाहिर औषधि खरिद नगराउन सबै अस्पताल (स्वास्थ्य संस्था)लाई निर्देशन गरेको छ ।

बोर्डका सूचना अधिकारी विकेश मल्लले सबै अस्पताललाई परिपत्र जारी गर्दै बीमितलाई बाहिर औषधि पसलमा औषधि तथा औषधिजन्य सामग्री खरिद नगराउन निर्देशन दिएको जानकारी दिनुभयो । बीमितसँग केही स्वास्थ्य संस्थाले प्याकेजमा गरिने उपचारमा औषधि बाहिर खरिद गराउने पाइएकोले त्यस्ता नगर्न / नगराउन सबै अस्पताललाई परिपत्र गरिएको उहाँले बताउनुभयो ।

"केही अस्पतालले बीमितलाई उपचार गरेसँगै बाहिर औषधि खरिद गर्न लगाएको गुनासो आएको छ," उहाँले भन्नुभयो, "त्यसैले हामीले त्यसरी बीमितलाई बाहिर औषधि खरिद नगर्न नगराउन निर्देशन दिँदै अस्पताललाई परिपत्र गरेका हौं ।"

उहाँका अनुसार अस्पतालले बीमितसँग बिमा सेवका विभिन्न प्याकेजभित्र समावेश हुने औषधि तथा औषधिजन्य सामग्री सोही अस्पताल तथा बाहिरका औषधि पसलबाट नगदमा खरिद गर्न लगाउने गरेका छन् । सूचना अधिकारी मल्लले बिरामीलाई बाहिरका औषधि पसलबाट औषधि खरिद गर्न लगाउने अस्पताललाई स्वास्थ्य बिमा ऐन २०७५, स्वास्थ्य बिमा नियमावली २०७५ तथा प्रचलित निर्देशिका र कार्यविधि विपरीत रहेको भन्दै त्यस्ता अस्पताललाई स्वास्थ्य बिमा नियमावली २०७५को नियम १८ को उपनियम (१) को खण्ड (क) बमोजिम कारबाही गरिनेसमेत बताउनुभयो ।

स्वास्थ्य बिमा कार्यक्रममा अन्तर्गत पाँचजना परिवारसम्मका लागि रु तीन हजार ५०० बराबरको योगदानको आधारमा रु एक लाख सम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ । यस्तै थप प्रति सदस्य ७०० का दरले योगदान रकम थपिँदै जाने र प्रति सदस्य २० हजार बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ ।

**सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं।**

- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं।
- स्वास्थ्य संस्थावाट प्रसुति सेवा लिऔं।
- गर्भवति महिलालाई नियमित पोपिलो खानेकुरा खुवाऔं।
- बच्चा जन्मनेवित्तिकै बिगौति दुध खुवाऔं।
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
- राष्ट्रिय खोप तालिकाअनुसार बालवालिकालाई सबै खोप लागाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### प्रकृतीको संरक्षण आवश्यक

शहरी क्षेत्रमा धेरै जनसंख्या बसोवास गर्ने गरेकाले जनघनत्वका कारण गर्मी खपि नसक्नु हुँदै गएको छ। खासगरी शहरी क्षेत्रमा ग्रामीण क्षेत्रका तुलनामा बढी गर्मी महसुस हुने गरेको छ। ग्लोबल वार्मिङ्गका कारण हरेक वर्ष तापमानमा वृद्धि हुँदै गएको छ। वन फँडानी र चुरे दोहनका कारण पनि तराई मधेशमा यसको असर देखिँदैछ। खासगरी तराई मधेशका शहरी क्षेत्रहरुमा यसको प्रभाव बढी देखिएको छ भने ग्रामीण क्षेत्रहरुमा पनि नकारात्मक प्रभाव बढेको छ। ग्लोबल वार्मिङ्गका कारण हाम्रो मौसमी चक्रलाई नै नराम्ररी प्रभावित बनाइरहेको छ। यसले गर्दा हाम्रो प्रकृति नै असन्तुलित हुँदै गएको छ। वर्षा न्यून हुँदै गएको छ जसले गर्दा अन्नबाली सप्रन पाएका छैनन्।

हामीले गरेका गलत कार्यहरुका कारण ग्लोबल वार्मिङ्ग बढ्दै गएको छ। यस्तै रह्यो भने भोलिका दिनहरु अझ भयावह बन्ने निश्चित प्रायः रहेको छ। बढ्दो कलकारखानाका प्रदुषण, यातायातका प्रदुषण, वनजंगल फँडानी र प्राकृतिक सम्पदाको विनाशका कारण नै ग्लोबल वार्मिङ्ग बढिरहेको छ। हामीले जानी नजानी प्रकृतिसँग खेलवाड गरिरहेका छौं जसको परिणाम स्वरुप ग्लोबल वार्मिङ्ग बढ्दै गइरहेको छ। यसलाई न्यून गर्दै फेरि पनि पृथ्वी र प्रकृतिलाई पुरानै गति र लयमा फर्काउने दायित्व पनि हाम्रै हो।

हाम्रा गल्तीहरुका कारण ग्लोबल वार्मिङ्ग बढेको हो भने हाम्रै कारणबाट यसलाई ठीक पार्न सक्नु पर्दछ। तसर्थ प्रत्येक व्यक्तिले आफ्नो तर्फबाट कम्तिमा एउटा रुख बिरुवा रोप्दै प्रकृतिको संरक्षण गर्नेतर्फ ध्यान पुग्नु आवश्यक छ। जग्गा नभएको व्यक्तिले घरको बालकोनीमा गम्लामा पनि रोप्न सक्नेछ। जसले गर्दा प्रकृतीको सौन्दर्यता बढाउने कुरामा दुई मत नहोला।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# लोकतन्त्रमा हार र जीत दुवै स्वाभाविक प्रकृया

**प्रेमचन्द्र झा**

नेपालको राजनीतिले पछिल्ला तीन दशकभन्दा बढी समयको यात्रामा धेरै परिवर्तनहरू देखेको छ। व्यवस्था फेरियो, शासनका स्वरूप बदलिँदै गए, नयाँ संविधान आयो, नयाँ नेतृत्वहरू उदाए र पुराना शक्तिहरू कमजोर हुँदै गए। तर यति धेरै राजनीतिक परिवर्तनहरूको बीचमा एउटा प्रश्न भने निरन्तर उठिरह्यो–के यी परिवर्तनहरूले नागरिकको जीवनमा अपेक्षित सुधार ल्याए?

आजको राजनीतिक परिस्थिति हेर्दा यही प्रश्न झन् गम्भीर रूपमा उठेको देखिन्छ। लामो समयसम्म राजनीतिमा प्रभाव जमाएका दलहरू अचानक असहज स्थितिमा पुगेका छन्। सत्ता र शक्तिको केन्द्रमा वर्षौंसम्म बसेका नेताहरू आज आत्मरक्षाको अवस्थामा देखिन्छन्। यस्तो परिस्थिति कसरी आयो भन्ने विषयमा गम्भीर बहस आवश्यक छ।

कसैले कल्पना पनि गरेको थिएन कि दशकौंसम्म शासनको केन्द्रमा रहेका शक्तिहरू एकाएक यति कमजोर देखिन थाल्नेछन्। कसैले सोचेको थिएन कि आफूलाई राजनीतिका धुरन्धर खेलाडी मान्ने नेताहरूलाई भर्खरै उदाएका युवापुस्ताका नयाँ शक्तिहरूले यति ठूलो चुनौती दिनेछन्। तर राजनीति त्यही क्षेत्र हो जहाँ स्थायित्वभन्दा परिवर्तन बलियो हुन्छ। जनताको मन परिवर्तन भए राजनीति पनि परिवर्तन हुन्छ।

नेपालको लोकतान्त्रिक यात्राको सुरुवात ठूलो आशा र उत्साहका साथ भएको थियो। जनताले संघर्ष गरेर प्राप्त गरेको अधिकारले देशलाई नयाँ दिशातर्फ लैजाने विश्वास थियो। बहुदलीय व्यवस्था पुनःस्थापित भएपछि नागरिकहरूले सोचेका थिए–अब शासन पारदर्शी हुनेछ, विकास तीव्र गतिमा अघि बढ्नेछ, र राज्यले नागरिकको जीवनलाई सहज बनाउनेछ।

तर समय बित्दै जाँदा जनताको अपेक्षा र वास्तविकताको बीचमा दूरी बढ्दै गयो। राजनीतिक दलहरूबीचको प्रतिस्पर्धा विकासको नीतिमा होइन, सत्ताको समीकरणमा केन्द्रित हुन थाल्यो। गठबन्धन बनाउने र भत्काउने खेलले शासन प्रणालीलाई अस्थिर बनायो। जनताको जीवनमा प्रत्यक्ष असर पर्ने मुद्दाहरू भने पछाडि पर्दै गए।

तीन दशकको अवधिमा देशले धेरै सरकारहरू देख्यो। प्रधानमन्त्रीहरू फेरिए, गठबन्धन फेरिए, तर आम नागरिकको जीवनमा ठूलो परिवर्तन देखिएन भन्ने गुनासो व्यापक हुँदै गयो। विकासका योजनाहरू कागजमै सीमित हुने, भ्रष्टाचारका आरोपहरू बारम्बार उठ्ने, र राज्यका निकायहरू राजनीतिक प्रभावमा परेको आरोप लागिरहने अवस्थाले नागरिकमा निराशा बढाउँदै लग्यो।

यही निराशाले समाजमा एउटा मौन असन्तोष सिर्जना गरिरहेको थियो। त्यो असन्तोष लामो समयसम्म बाहिर प्रकट नहुन सक्छ, तर एक दिन त्यो राजनीतिक परिवर्तनको रूपमा प्रकट हुन्छ। इतिहासले देखाएको छ–जब जनताको धैर्यको सीमा पार हुन्छ, तब परिवर्तन अवश्य हुन्छ।

आज देखिएको राजनीतिक परिदृश्यलाई पनि यही सन्दर्भमा बुझ्नुपर्छ। यो अचानक भएको घटना होइन। यो वर्षौंदेखि जम्मै आएको असन्तोषको परिणाम हो। नागरिकहरूले आफ्ना मतमार्फत एउटा सन्देश दिएका छन्–राजनीति अब पुरानै ढर्रामा चल्न सक्दैन।

लामो समयसम्म सत्ता र शक्ति आफ्नो वरिपरि केन्द्रित राख्ने दलहरूमा एउटा समस्या देखिन्छ–आत्मसन्तुष्टि। जब नेतृत्वलाई लाग्न थाल्छ कि जनताको समर्थन स्थायी रूपमा आफ्नो पक्षमा छ, तब उनीहरू जनभावनाबाट टाढा हुन थाल्छन्।

राजनीतिमा अहंकार सबैभन्दा ठूलो कमजोरी हो। नेतृत्वले आफूलाई आलोचनाभन्दा माथि राख्न थाल्यो भने त्यहाँबाट समस्याहरू सुरु हुन्छन्। नागरिकका गुनासा सुन्ने क्षमता घट्दै जान्छ। आलोचनालाई सुधारको अवसरका रूपमा हेर्नुको सट्टा विरोधको रूपमा बुझ्न थालिन्छ।

यस्तो अवस्थामा नेतृत्व र जनताको बीचमा दूरी बढ्दै जान्छ। त्यो दूरी एक दिन चुनावी परिणाममा प्रकट हुन्छ।

नेपालको राजनीतिक दलहरूमा अर्को ठूलो समस्या भनेको आन्तरिक विवाद हो। गुटबन्दी, नेतृत्वको प्रतिस्पर्धा, टिकट वितरणमा देखिने विवाद, र व्यक्तिगत महत्वाकांक्षाले संगठनलाई कमजोर बनाउँछ। जब पार्टीभित्र नै विश्वासको संकट उत्पन्न हुन्छ, तब त्यो संकट बाहिर पनि देखिन थाल्छ।

कतिपय अवस्थामा पार्टीका नेताहरू आपसमा यति धेरै विवादमा फस्छन् कि जनताको मुद्दा नै ओझेलमा पर्छ। राजनीतिमा यस्तो अवस्था लामो समय टिक्न सक्दैन। नागरिकहरूले अन्ततः विकल्प खोज्न थाल्छन्।

आजको समाजमा सूचना प्रविधिको प्रभाव अत्यन्त ठूलो छ। सामाजिक सञ्जालले नागरिकलाई आफ्नो आवाज व्यक्त गर्ने नयाँ माध्यम दिएको छ। पहिले जनमत निर्माण गर्न धेरै समय लाग्थ्यो, तर अहिले एउटा घटना वा अभिव्यक्तिले केही घण्टामै देशव्यापी बहस सिर्जना गर्न सक्छ।

यसले राजनीतिमा पारदर्शिताको आवश्यकता अझ बढाएको छ। नेताहरूको व्यवहार, निर्णय, र अभिव्यक्ति अब तुरुन्तै सार्वजनिक बहसको विषय बन्न सक्छ। त्यसैले राजनीतिमा जिम्मेवारी र संवेदनशीलता झन् आवश्यक भएको छ।

यसैबीच, युवापुस्तामा परिवर्तनको चाहना तीव्र रूपमा बढेको देखिन्छ। उनीहरू पुराना राजनीतिक भाष्यभन्दा फरक सोच चाहन्छन्। पारदर्शिता, उत्तरदायित्व, र परिणाममुखी शासनप्रति उनीहरूको अपेक्षा बढी छ।

नेपालबाट ठूलो संख्यामा युवाहरू विदेश गइरहेको वास्तविकता पनि यही असन्तोषसँग जोडिएको छ। रोजगारीको अभाव, अवसरको कमी, र भविष्यप्रतिको अनिश्चितताले युवाहरूलाई देश छोड्न बाध्य बनाइरहेको छ। जब युवापुस्ताले आफ्नै देशमा सम्भावना देख्न छोड्छ, त्यो राज्यका लागि गम्भीर चेतावनी हो।

नयाँ राजनीतिक शक्तिहरूको उदय पनि यही सन्दर्भमा बुझ्नुपर्छ। जब पुराना दलहरूले जनताको अपेक्षा पूरा गर्न सक्दैनन्, तब समाजले नयाँ विकल्प खोज्छ। नयाँ पार्टीहरू, नयाँ नेतृत्व, र नयाँ भाष्यले त्यही खाली स्थान भर्न खोज्छन्।

तर नयाँ शक्ति आउनु मात्र पर्याप्त हुँदैन। वास्तविक चुनौती भनेको विश्वासलाई कायम राख्नु हो। जनताले परिवर्तनको आशामा समर्थन दिएका हुन्छन्। यदि त्यो आशा पूरा हुन सकेन भने निराशा अझ गहिरो हुन सक्छ।

त्यसैले नयाँ नेतृत्वका लागि जिम्मेवारी झन् ठूलो हुन्छ। उनीहरूले पारदर्शिता, इमानदारी, र प्रभावकारी शासनमार्फत आफूलाई फरक सावित गर्नुपर्छ।

लोकतन्त्रमा हार र जीत दुवै स्वाभाविक प्रक्रिया हुन्। कुनै पनि दल सधैं सत्तामा रहन सक्दैन, र कुनै पनि दल सधैं प्रतिपक्षमा रहिरहनुपर्ने छैन। राजनीतिक शक्तिको उतार-चढाव लोकतान्त्रिक प्रणालीको स्वाभाविक विशेषता हो।

तर हारलाई कसरी लिने भन्ने कुरा महत्वपूर्ण हुन्छ। यदि हारलाई केवल अपमानको रूपमा लिइयो भने त्यसबाट कुनै सुधार सम्भव हुँदैन। तर यदि हारलाई आत्मसमीक्षाको अवसरका रूपमा लिइयो भने त्यो भविष्यका लागि उपयोगी बन्न सक्छ।

पुराना दलहरूका लागि अहिलेको समय आत्मसमीक्षाको समय हो। विगतका निर्णयहरू, नीतिहरू, र व्यवहारको गम्भीर समीक्षा आवश्यक छ। संगठनलाई पुनःसंगठित गर्नुपर्ने आवश्यकता देखिएको छ।

सबैभन्दा महत्वपूर्ण कुरा भनेको नयाँ पुस्तालाई अवसर दिनु हो। राजनीति केवल केही व्यक्तिहरूको वरिपरि केन्द्रित रहँदा संगठन कमजोर हुन्छ। नयाँ नेतृत्वलाई अघि ल्याएर मात्र संगठनलाई जीवित राख्न सकिन्छ।

राजनीतिमा सम्मान र सहकार्यको संस्कृति पनि अत्यन्त आवश्यक छ। असहमति लोकतन्त्रको स्वाभाविक हिस्सा हो, तर असहमति व्यक्तिगत शत्रुतामा परिणत हुनु हुँदैन।

नेपाल जस्तो विविधता भएको देशमा सबै राजनीतिक शक्तिहरूको भूमिका महत्वपूर्ण हुन्छ। राष्ट्रिय हितका विषयहरूमा सहकार्य आवश्यक हुन्छ। विकास, शिक्षा, स्वास्थ्य, र आर्थिक समृद्धि जस्ता मुद्दामा दलहरूबीच सहमति बन्न सक्नुपर्छ।

आजको राजनीतिक परिस्थितिले एउटा महत्वपूर्ण सन्देश दिएको छ–जनता नै लोकतन्त्रको अन्तिम निर्णायक शक्ति हुन्। जब जनताको आवाजलाई बेवास्ता गरिन्छ, तब उनीहरूले आफ्नो मतमार्फत जवाफ दिन्छन्।

त्यसैले आज देखिएको परिणामलाई केवल कसैको हार वा कसैको जीतको रूपमा मात्र हेर्नु उचित हुँदैन। यो लोकतान्त्रिक प्रक्रियाको एउटा चरण हो। यसले सबैलाई एउटा स्पष्ट सन्देश दिएको छ–राजनीति जनताको विश्वासमा टिकेको हुन्छ।

यदि त्यो विश्वास कमजोर भयो भने ठूलो शक्ति पनि कमजोर हुन सक्छ।

नेपालको भविष्य अझै सम्भावनाले भरिएको छ। देशसँग युवा जनसंख्या छ, प्राकृतिक स्रोतहरू छन्, र परिवर्तन चाहने समाज छ। यदि राजनीतिक नेतृत्वले जिम्मेवारीपूर्वक काम गऱ्यो भने देशलाई सकारात्मक दिशातर्फ लैजान सकिन्छ।

आज आवश्यक कुरा भनेको दोषारोपण होइन, सुधारको प्रतिबद्धता हो। राजनीति सेवा र जिम्मेवारीको माध्यम बन्न सक्यो भने मात्र जनताको विश्वास पुनःस्थापित हुन सक्छ।

अन्ततः लोकतन्त्रको सार यही हो–जनताको इच्छा सर्वोपरि हुन्छ। जब नागरिक सचेत हुन्छन् र आफ्नो अधिकार प्रयोग गर्छन्, तब देशको राजनीतिक दिशा पनि परिवर्तन हुन्छ।

यस अर्थमा हेर्दा आजको परिस्थिति कुनै एक दल वा व्यक्तिको मात्र हार होइन। यो लोकतान्त्रिक चेतनाको संकेत पनि हुन सक्छ। यदि सबै राजनीतिक शक्तिहरूले यसबाट पाठ सिके भने भविष्यमा नेपालको राजनीति अझ परिपक्व, उत्तरदायी र जनमुखी बन्न सक्छ।

त्यसैले अहिले आवश्यक कुरा भनेको एक-अर्कालाई दोष दिने होइन, जनताको सन्देशलाई बुझ्ने हो। जनताले दिएको संकेतलाई सही रूपमा ग्रहण गर्न सकियो भने यही क्षण नेपालका लागि नयाँ राजनीतिक अध्यायको सुरुवात बन्न सक्छ।तर, केवल नेतृत्व र दलहरूको आन्तरिक संरचनामा सुधार गर्नु पर्याप्त हुँदैन। प्रणालीगत सुधार पनि आवश्यक छ। निर्वाचन

बाँकी तीन पृष्ठमा

# पुस्तक समीक्षा पहिलो निर्वाचनको अभिलेखीकरण : वर्तमानका लागि दृष्टिविन्दु

**प्रकाश सिलवाल**

काठमाडौं, २८ फागुन (रासस) ।

"इतिहास केवल अतितको कथा होइन, वर्तमानलाई बुझ्ने मार्ग पनि हो ।'', भारत स्वतन्त्र भएपछिका तत्कालीन प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरुले भने झैँ इतिहासका घटनाहरुले वर्तमानलाई बुझाउन मद्दत गर्छ । इतिहासबाट पाठ सिकेर भविष्यको गोरेटोकोर्नुपर्छ पनि भनिन्छ तर इतिहासको विरासतले मात्रै वर्तमान र भविष्य चल्न सक्दैन पनि भनिन्छ ।

मुलुकमा प्रतिनिधिसभाको निर्वाचन (फागुन २१) कै बीच प्रकाशनमा आएको लेखक/पत्रकार विराट अनुपमद्वारा लिखित 'पहिलो आमनिर्वाचन २०१५' ले नेपालको निर्वाचन र लोकतान्त्रिक पद्धतिको इतिहासलाई पुनःस्मरण गराएको छ । पहिलो आम निर्वाचनमा दुई तिहाइको जनमत प्राप्त गरेको नेपाली कांग्रेस पछिल्लो निर्वाचनबाट निकैपछि परेको सन्दर्भले पनि पुस्तकलाई समयसापेक्ष बनाएको छ ।

इतिहासका घटना सम्झन नसक्नेले दुःखद् घटनालाईदस् दोहोरयाउन बाध्य हुन्छ भन्ने भनाइलाई पनि निर्वाचन प्रणालीका उतारचढावले प्रदर्शन गर्दै नआएका होइनन् । यस पुस्तकले नेपाली निर्वाचन इतिहासको सोही ऐतिहासिक घटनालाई केन्द्रमा राखेर 'पहिलो आम निर्वाचन २०१५' लाई अभिलेखीकरण गरेको छ ।

नेपालमा २०१५ साल फागुन ७ गते पहिलो आम निर्वाचन भएको मितिलाई आधार मानेर हरेक फागुन ७ लाई निर्वाचन आयोगले निर्वाचन दिवसका रुपमा मनाउँदै पनि आएको छ । संयोग, त्यही दिन मुलुकको आधिकारिक समाचार समिति (रासस) को पनि स्थापना दिवस हो ।

नेपालको पहिलो आम निर्वाचनमा नेपाली कांग्रेसको 'रुख', नेपाल राष्ट्रवादी गोर्खा परिषद्को झुपडी (घर), संयुक्त प्रजातन्त्र पार्टीको 'धानको बाला', नेपाल कम्युनिष्ट पार्टीको 'मकैका तीन घोगा र हँसिया', नेपाल प्रजा परिषद् (टङ्कप्रसाद आचार्य समूह) को 'धन कोदालो', नेपाल प्रजा परिषद् (भद्रकाली मिश्र समूह) को 'हलो', नेपाली राष्ट्रिय कांग्रेसको 'छाता', तराई कांग्रेसको 'टाउकोमा गहुँको बिटा बोक्ने कृषक', प्रजातान्त्रिक महासभाको 'हात' निर्वाचन चिन्ह रहेको थियो । स्वतन्त्र उम्मेदवार विभिन्न निर्वाचन चिन्हमा लडेका थिए ।

देशभरका १०९ क्षेत्रमा भएको उक्त निर्वाचनमा उम्मेदवारको धरौटी रु २५० र खर्चसीमा रु पाँच हजार रहेको रोचक तथ्यहरु पनि पुस्तकमा रहेका छन् । त्यस निर्वाचनमा १०९ स्थानका लागि ७८६ उम्मेदवार रहेकामा नेपाली कांग्रेसले ७४ स्थानमा विजय हासिल गरेको थियो । दुई तिहाइ मत ल्याएसँगै सो दलबाट बिपी कोइराला प्रधानमन्त्री बन्नुभएको थियो । आफूले सोचे भन्दा बढी मत कांग्रेसले पाएपछि तत्कालीन राजा महेन्द्र र कांग्रेस तथा प्रधानमन्त्री कोइरालाबीच दूरी बढेको सन्दर्भ पुस्तमा रहेको छ । त्यही दूरी बढेको घटनाक्रमले २०१७ पुस १ गते राजाले प्रधानमन्त्रीलाई अपदस्थ र संसद् विघटन गरी तीस वर्षसम्म पञ्चायती शासन चलाएको इतिहास ताजै छ ।

जेनजी आन्दोलनपछि विशेष परिस्थितिमा भएको प्रतिनिधिसभा निर्वाचनको परिणाम कतिपयलाई रोचक लागिरहेका बेला प्रकाशित पुस्तकले नेपालको पहिलो संसदीय निर्वाचनको पृष्ठभूमि, प्रक्रिया, राजनीतिक वातावरण तथा परिणामलाई तथ्यगत, खोजपरक र विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरेको छ ।पुस्तकमा २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि विकसित राजनीतिक परिस्थिति, तत्कालीन राजतन्त्र र दलहरुको अन्तरसङ्घर्ष, प्रजातन्त्रको सवलीकरणका लागि दलहरूको सक्रियता, ती दलहरुभित्रका विवाद र गुट–उपगुट आदिलाई चर्चा गरिएको छ । नेपालको लोकतान्त्रिक प्रणाली, राजाको निरकुंशता र संवैधानिक विकासक्रमलाई विस्तृतरूपमा व्याख्या गरिएको पुस्तक राजनीति शास्त्रका जिज्ञाशुहरुका लागि गहकिलो खुराक भएको छ ।

मुलुकमा २००७ सालमा प्रजातन्त्र आए पनि किन २०१५ सालमा मात्रै संसदीय निर्वाचन हुन पुग्यो र त्यो निर्वाचन हुन कसरी सम्भव भयो,भन्ने ऐतिहासिक सन्दर्भलाई बुझ्न पुस्तकले सघाएको छ । अन्तरराष्ट्रिय मामिलाका पनि अध्येता अनुपमकृत पुस्तकमा त्यसबेलाको निर्वाचन व्यवस्थापन, दलहरूको चुनावी रणनीति, निर्वाचन घोषणापत्र, मतदाताको सहभागिता तथा निर्वाचन परिणामलाई विभिन्न स्रोत र तथ्याङ्कका आधारमा प्रस्तुत गरेका छन् ।

त्यसबेलाका दल र उम्मेदवार, निर्वाचन चिन्ह, निर्वाचन क्षेत्र र निर्वाचन गराउने अधिकृतहरु, प्राप्त मत परिणाम पनि समावेश गरिएको छ । यसअघि निर्वाचन आयोगबाट नेपालको निर्वाचन इतिहासका शृङ्खलाबद्ध पुस्तक प्रकाशन भए पनि राजनीतिक स्थिति र विवेचनासहितको यस प्रकारको पुस्तक भने बजारमा उपलब्ध थिएन ।

निर्वाचनसम्बन्धी ऐतिहासिक दस्तावेज, तथ्याङ्क र अभिलेखको प्रयोग विवरणात्मक नभई विश्लेषण र विवेचनात्मकरुपमा प्रस्तुत गरिएको छ । नेपालमा लोकतान्त्रिक अभ्यासको प्रारम्भिक चरण बुझ्न चाहने पाठक, अनुसन्धानकर्ता तथा विद्यार्थीका लागि यो पुस्तक उपयोगी स्रोत बन्न सक्छ ।लेखक अनुपम पत्रकारितमै सक्रिय रहेकाले पुस्तकको भाषाशैली सरल र सुस्पष्ट देखिन्छ । इतिहासका विषय पढ्न निरस लाग्ने भए पनि लेखकको विवरण केलाउने र रोचक बनाउने शैलीले पुस्तक पढ्दा पाठकलाई अल्छी लाग्दैन । नेपालको संसदीय इतिहासमा महत्वपूर्ण मानिने यस प्रकाशनले २०१५ सालअघि र पछिका राजनीति घटनाक्रमलाई पनि मूल्याङ्कन गर्न प्रेरित गरेको मान्न सकिन्छ ।

पछिल्लो समयमा अहिलेको युवा पुस्ताको राजनीतिक सहभागिता र उनीहरुको अपेक्षा एवं चाहनालाई राज्यका नीति निर्माण तथा सेवा प्रवाह (सुशासन) मा प्रकट हुनुपर्ने सन्दर्भ जोडतोडका साथ उठिरहेका बेला नेपालको पहिलो आम निर्वाचनताका पनि फरक शब्दावलीमा ती विषय उठेकै रहेछन् भन्ने देखिन्छ । नयाँ पुस्ताकले मुलुकको राजनीति र लोकतान्त्रिक अभ्यासबारे चासो दिन् आफैमा प्रणालीका लागि सकारात्मक पक्ष हो । यस पक्षलाई मनन् गर्न सघाउन पुस्तक उपयोगी हुने देखिन्छ । पहिलो आम निर्वाचन भएका बेला मुलुकमा यातायात र सञ्चारलगायत साधनको अपर्याप्तताका कारण चरणबद्धरुपमा निर्वाचन भएको र निर्वाचनको परिणाम आइपुगदासम्म ८० दिन लागेका विवरण पुस्तकमा समोटिएको छ ।

'बुक हिल' प्रकाशनद्वारा प्रकाशित पुस्तकमा अधिकांशः त्यस समयमा उपलब्ध अखिलेख र तथ्याङ्क तथा विवेच्य पक्षहरु समावेश भए पनि 'तथ्याङ्कीय टेबुलेसन', त्यसबेलाका तस्बिर भने समेटिएको छैन । यस्तै त्यसबेला अस्तित्वमा रहेका दलहरु र तिनका धारहरु अहिलेका कुन दल र पक्षसँग गाभिए वा कसरी बिलाएर गए भन्ने पक्षको पनि विशलेषण गरिएको भए सुनमा सुगन्ध हुने थियो । समग्रमा नेपालको निर्वाचन इतिहास लोकतान्त्रिक उतारचढावलाई मिसहनरुपमा अध्ययन र विश्लेषण गर्न पुस्तक सामयिक देखिन्छ ।

### लोकतन्त्रमा हार ...

प्रक्रिया, प्रशासनिक पारदर्शिता, न्यायिक स्वतन्त्रता, र सार्वजनिक नीति कार्यान्वयनमा द्रुतता र प्रभावकारिता जस्ता पक्षहरूमा सुधार हुनु अनिवार्य छ । जबसम्म राजनीतिक नेतृत्वले यी क्षेत्रहरूमा ध्यान दिँदैन, तबसम्म जनताको जीवनमा वास्तविक परिवर्तन देखिन गाह्रो हुनेछ ।

शिक्षा र युवा सशक्तिकरण पनि राजनीति र समाजको दिगो विकासको आधार हुन् । आजको युवापुस्ताले सूचना र विश्वव्यापी दृष्टिकोण राख्छ । उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने, नीति निर्माणमा सुझाव लिनु, र उनीहरूको नेतृत्व क्षमता विकास गर्नु देशको दीर्घकालीन स्थायित्वका लागि महत्त्वपूर्ण छ ।

त्यस्तै गरी, नेपालमा सामाजिक समानता, क्षेत्रीय समृद्धि, र अवसरको समान वितरण सुनिश्चित गर्नुपर्ने आवश्यकता छ । केवल राजधानी वा सहरमा केन्द्रित विकासले देशको वास्तविक क्षमता विकास गर्न सक्दैन । गाउँ र ग्रामीण क्षेत्रका नागरिकहरूको जीवनस्तर उकास्न र उनीहरूलाई देशको मुख्यधारामा ल्याउन समावेशी नीति आवश्यक छ ।

साथै, राजनीतिक संस्कारलाई नयाँ ढाँचामा लैजानु पनि आवश्यक छ । असहमति र विरोध केवल नकारात्मक होइन, बरु सुधार र संवादको माध्यम हुनुपर्छ । नेताहरूले व्यक्तिगत अहंकार र सत्ता संरक्षणको राजनीति परित्याग गरी साझा लक्ष्यमा केन्द्रित हुनु पर्छ । यसरी मात्र राष्ट्रिय हितलाई प्राथमिकता दिइएको लोकतान्त्रिक वातावरण सिर्जना गर्न सकिन्छ ।

अन्ततः, नेपालको राजनीति एक चरणगत यात्रा हो–जहाँ विगतका त्रुटिहरूबाट सिकेर भविष्य निर्माण गर्न सकिन्छ । आजको असन्तोष र परिवर्तनको संकेतले जनतालाई मात्र होइन, नेताहरूलाई पनि सचेत गराएको छ । यदि सबै राजनीतिक शक्ति आफ्ना कर्तव्य प्रति उत्तरदायी रहन सक्छन्, पारदर्शिता कायम राख्छन्, र जनताको अपेक्षा पूरा गर्ने दिशामा काम गर्छन् भने नेपालले स्थायी लोकतन्त्र र दिगो विकासको मार्ग अवलम्बन गर्न सक्छ ।

त्यसैले, यो समय आलोचना र दोषारोपणभन्दा बढी, सुधार, उत्तरदायित्व र साझा प्रयासको हो । जनताको आवाजलाई आत्मसात गर्दै अघि बढ्नु नै नेपालका लागि नयाँ राजनीतिक अध्यायको सुरुवात हुनेछ ।

## एमाले नेता थापाको निधन

गण्डकी, २८ फागुन (रासस) ।

नेकपा (एमाले)का केन्द्रीय सदस्य एवम् कास्की जिल्ला इन्चार्ज कृष्ण थापाको निधन भएको छ । उहाँको हृदयघातका कारण निधन भएको एमाले कास्कीका अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्रीले जानकारी दिनुभयो ।

पार्टी बैठकमा बिहीबार बोल्ने क्रममा ढल्नुभएका थापालाई उपचारार्थ मणिपाल शिक्षण अस्पताल लगिएको थियो । अस्पतालमा उहाँलाई मृत घोषणा गरिएको हो ।

थापाले यस अघि २०५४ सालको स्थानीय तहको निर्वाचनमा तत्कालीन पोखरा उपमहानगरको प्रमुख र पछि गण्डकी प्रदेशसभा सदस्यलगायतको जिम्मेवारी सम्हालीसक्नुभएको छ ।

# विश्व समाचार

## युद्ध अन्त्यका लागि इरानका तीन शर्त

तेहरान, २८ फागुन (रासस/एएनआई) ।

इरानले अमेरिका र इजरायलसँग जारी युद्ध अन्त्य गर्न तीन प्रमुख शर्त अघि सारेको छ । युद्ध तेह्रौं दिनमा प्रवेश गरिरहँदा तेहरानले आफ्नो अधिकारको मान्यता, क्षतिपूर्ति र भविष्यमा आक्रमण नहुने अन्तर्राष्ट्रिय ग्यारेन्टी नभएसम्म सङ्घर्ष रोक्न नसकिने स्पष्ट पारेको छ । इरानी राष्ट्रपति मसुद पेजेस्कियानले सामाजिक सञ्जाल एक्समार्फत रुस र पाकिस्तानका नेतासँग भएको कुराकानीपछि आफ्नो देश शान्तिप्रति प्रतिबद्ध रहेको दोहोर्याउनुभएको छ । उहाँका अनुसार 'यहुदी शासन र अमेरिकाले भड्काएको' यो युद्ध अन्त्य गर्ने एक मात्र उपाय भनेको इरानका वैध अधिकारलाई अन्तर्राष्ट्रिय रूपमा स्वीकार गर्नु, युद्धबाट भएको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउनु र भविष्यमा इरानमाथि आक्रमण नहुने कडा अन्तर्राष्ट्रिय ग्यारेन्टी दिनु हो ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि संयुक्त आक्रमण गरेपछि युद्ध सुरु भएको थियो । सो आक्रमणमा इरानका सर्वोच्च नेता अयातुल्ला सैयद अली खामेनी, उच्च सैन्य कमान्डरहरू तथा सर्वसाधारणको मृत्यु भएको थियो । त्यसपछि इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजीसी) ले इजरायलका विभिन्न स्थानलाई लक्षित गर्दै प्रतिआक्रमण सुरु गरेको घोषणा गरेको थियो । संयुक्त राष्ट्रसङ्घका लागि इरानका स्थायी प्रतिनिधि अमिर–सइद इरवानीका अनुसार फेब्रुअरी २८ यता अमेरिकी र इजरायली सैन्य कारवाहीका कारण महिला तथा बालबालिकासहित कम्तीमा एक हजार ३४८ सर्वसाधारणको मृत्यु भएको छ भने १७ हजारभन्दा बढी घाइते भएका छन् ।

यसबीच संयुक्त राष्ट्र सुरक्षा परिषद्ले खाडी सहयोग परिषद् (जिसिसी) देशहरू र जोर्डनमाथि इरानले गरेको आक्रमणको निन्दा गर्दै प्रस्ताव पारित गरेको छ । १५ सदस्यीय परिषद्मा प्रस्तुत उक्त प्रस्ताव १३–० मतले पारित भएको थियो । प्रस्तावलाई बहराइनले नेतृत्व गरेको थियो र १३० भन्दा बढी देशले सह–प्रायोजन गरेका थिए, जसमा भारत पनि समावेश छ । चीन र रुस मतदानमा सहभागी भएनन् । प्रस्तावमा बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र जोर्डनमाथि इरानले गरेको आक्रमणलाई अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन भन्दै कडा शब्दमा निन्दा गरिएको छ । साथै होर्मुज जलडमरूमध्य बन्द गर्ने इरानी चेतावनीप्रति पनि गम्भीर चिन्ता व्यक्त गरिएको छ ।

## युद्धले भारतीय रेस्टुरेन्टमा ग्यास संकट

बेङ्गलुरु, २८ फागुन (रासस/एएफपी) ।

मध्यपूर्वमा चर्किएको युद्धको प्रभाव भारतसम्म पुगेको छ । इरानसँगको द्वन्द्वका कारण आपूर्ति अवरुद्ध भएपछि खाना पकाउने ग्यास अभाव हुँदा भारतका रेस्टुरेन्टहरू मेनु घटाउने, सेवा सीमित गर्ने र वैकल्पिक इन्धन खोज्ने अवस्थामा पुगेका छन् । दक्षिण भारतको प्रविधि केन्द्र बेङ्गलुरुस्थित म्याडको रेस्टुरेन्टले ग्यास बचत गर्न लोकप्रिय परिकारहरू हटाउने निर्णय गर्नुपरेको जनाएको छ । रेस्टुरेन्टका निर्देशक सन्तोष अव्राहमका अनुसार ग्यास बचत गर्न खाजा सेवा पनि अस्थायी रूपमा बन्द गरिएको छ । उहाँले सम्भावित सङ्कटको सङ्केत पहिले नै देखिए पनि यसको असर यति चाँडै देखिने अपेक्षा नगरेको बताउनुभयो । भारत विश्वको दोस्रो ठूलो तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी) आयातकर्ता हो, जसको करिब ९० प्रतिशत आपूर्ति होर्मुज जलडमरूमध्य हुँदै आउँछ । हाल युद्धका कारण यो मार्गको ढुवानी गम्भीर रूपमा प्रभावित भएको छ ।

भारतका लाखौं रेस्टुरेन्टहरू खाना पकाउन ग्यास सिलिन्डरमा निर्भर छन् । प्रदूषण नियन्त्रणका कारण सरकारले धेरै ठाउँमा कोइला र दाउरा प्रयोग हुने भाँडाकुँडा प्रयोग नगर्न निर्देशन दिएको छ । आयात प्रभावित भएपछि भारत सरकारले घरपरिवार र अत्यावश्यक क्षेत्रलाई प्राथमिकता दिँदै ग्यास वितरण कडा बनाएको छ । यसले रेस्टुरेन्ट, उद्योग र विद्युत् उत्पादन क्षेत्रमा दबाब बढाएको छ । बेङ्गलुरुको 'गुरिल्ला डाइनर' नामक बर्गर रेस्टुरेन्टका सुस शेफ ध्रुव थपलियालले अहिले व्यवसाय टिकाइराख्न नै सङ्घर्ष भइरहेको बताउनुभयो । उहाँका अनुसार रेस्टुरेन्टमा जम्मा साढे दुई सिलिन्डर ग्यास मात्र बाँकी छ । यदि ग्रिल चलाइयो भने डेढ दिन मात्र पुग्ने र फ्रायर मात्रै चलाए चार दिनसम्म टिक्न सक्ने उहाँले बताउनुभयो ।

यसबीच प्रधानमन्त्री नरेन्द्र मोदीले नागरिकलाई 'आत्तिनु आवश्यक छैन' भन्दै ग्यास आपूर्ति बढाउने विषयमा अध्ययन गर्न समिति गठन गरिएको जानकारी दिनुभएको छ । तर उद्योग प्रतिनिधिहरूले सङ्कट थप गम्भीर हुन सक्ने चेतावनी दिएका छन् । नेसनल रेस्टुरेन्ट एसोसिएसन अफ इन्डियाका बेङ्गलुरु शाखा प्रमुख अनन्त नारायणका अनुसार ग्यास सिलिन्डरको कालोबजारी मूल्य सामान्यभन्दा करिब दोब्बर पुगेको छ । उहाँले सरकारले कडा कदम चाल्नुपर्ने माग गर्नुभयो । रेस्टुरेन्ट उद्योगले ग्यास बचत गर्न विभिन्न उपाय अपनाउन थालेको छ । लामो समय उमाल्नुपर्ने, गहिरो तल्नुपर्ने वा ढिलो पकाइने परिकार घटाउन र पकाउने समय कम गर्न सामग्री पहिले नै भिजाएर तयार पार्ने सुझाव दिइएको छ । मुम्बईको चिनियाँ रेस्टुरेन्ट जिप्सीले बाफमा पकाइने डिम सम परिकार मेनुबाट हटाएको छ । रेस्टुरेन्ट सञ्चालक अदिति लिमयेका अनुसार एक भाग बनाउन आठदेखि १० मिनेटसम्म ग्यास निरन्तर चलाउनुपर्ने भएकाले त्यस्ता परिकार हटाइएको हो ।

कतिपय रेस्टुरेन्टले पुराना इन्धन स्रोत प्रयोग गर्न थालेका छन् । बेङ्गलुरुको 'द पिज्जा बेकरी' का सञ्चालक गुरुदत्तका अनुसार पहिले हप्तामा करिब ३०० किलो दाउरा प्रयोग हुन्थ्यो भने अहिले ४५० देखि ६०० किलोसम्म प्रयोग भइरहेको छ । ग्यास बर्नर बन्द गरेर ओभन ततातउन दाउराको प्रयोग बढाइएको उहाँले बताउनुभयो । पर्यटक गन्तव्य गोवास्थित मोन पेटिट फ्रेरे क्याफेका मालिक डेनियल रोड्रिग्सले सरकारको हस्तक्षेप आवश्यक रहेको बताउनुभयो । उहाँका अनुसार ग्यास अभावका कारण आमलेट र प्यानकेक जस्ता साधारण परिकार तयार पार्न पनि कठिन हुन थालेको छ । यस सङ्कटको प्रभाव छिमेकी श्रीलङ्कामा पनि देखिएको छ । त्यहाँ इन्धन मूल्य बढेको एक दिनपछि एलपिजीको मूल्य आठ प्रतिशतले बढाइएको छ । श्रीलङ्काको क्यान्टिन मालिक सङ्घका प्रवक्ता असेला सम्पतका अनुसार ग्यास अभावको डरले धेरै व्यवसायीले बिजुली स्टोभ र राइस कुकर खरिद गर्न थालेका छन् । उहाँले अहिलेका लागि अतिरिक्त खर्च आफैंले व्यहोर्नु परेको बताउँदै अन्यथा ग्राहक गुम्ने जोखिम रहने उल्लेख गर्नुभयो ।

# कालोसूचीमा पर्नेको संख्या छोटो बनाउनेतर्फ काम भइरहेको छ : गर्भनर

पर्सा, २८ फागुन (रासस)।

नेपाल राष्ट्र बैंकका गर्भनर डा विश्वनाथ पौडेलले राष्ट्र बैंकले वित्तीय कारोबार गर्दा कालोसूचीमा पर्ने प्रावधानको विषयमा अध्ययन गरिरहेको बताउनुभएको छ।

बिहीबार यहाँ आयोजित एक कार्यक्रममा बोल्दै गर्भनर पौडेलले कालोसूचीमा राख्ने प्रावधानको विषयमा आफूले गम्भीरतापूर्वक अध्ययन गरिरहेको बताउनुभयो। "चेक ब्याउन्स हुने वित्तिकै कालोसूचीमा राख्ने विषयमा पनि हामीले अध्ययन गरिरहेका छौँ," उहाँले भन्नुभयो, "कालोसूचीमा पर्नेहरुको सूची छोटो कसरी बनाउने विषयमा लागिरहेका छौँ। चेक बाउन्स र बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका धेरै मान्छे कालोसूचीमा पर्ने गरेको देखिएको छ," उहाँले भन्नुभयो, "कालोसूचीमा राख्नुपर्ने कति हुन। कालोसूचीमा नराख्नुपर्ने कति हुन भन्ने विषयमा हामीले हेरिराखेका छौँ।

त्यसको बारेमा मैले विस्तृत रुपमा हेरिरहेको छु।" गर्भनर पौडेलले धेरै कडाइ गरेर वा थुनेर मात्रै व्यापार/व्यवसाय मात्रै नभएर मुलुक पनि नचल्ने पनि बताउनुभयो। "व्यवसाय भनेको कलेज पढाएर मात्रै पुग्ने रैन्छ। त्यो व्यापार हुनका लागि विभिन्न खालका हन्डर र ठक्कर खाएपछि मात्रै व्यवस्थित ढङ्गले अघि बढ्ने हुँदा पनि त्यसलाई व्यवस्थित गराउनेतर्फ अग्रसर हुन जरुरी छ," उहाँले भन्नुभयो, "व्यवसायीलाई गाली गरेर मात्रै मुलुकको विकास नहुनेतर्फ पनि ध्यान दिन जरुरी छ। त्यसैले व्यवसायीलाई प्रवर्द्धन गरेर अघि बढाउन जरुरी छ।" गर्भनर पौडेलले व्यवसाय गर्न खोज्नेले एक पटक गल्ती गर्दैमा दुःख दिन नहुने बताउनुभयो।

फरक प्रसङ्गमा गर्भनर पौडेलले डिजिटल प्रविधिमा आधारित सूचना प्रविधि उद्योगलाई प्रोत्साहन गर्ने नीति अङ्गिकार गर्दै आइरहेको बताउनुभएको छ। उहाँले भविष्यमा ठूलो सम्भावना बोकेको क्षेत्र भएकाले पनि सूचना प्रविधि क्षेत्रलाई प्राथमिकतामा राख्दै आइरहेको बताउनुभयो।

"भाविष्यमा पनि सूचना प्रविधि उद्योगहरु धेरै वृद्धि हुन्छ भन्ने अपेक्षा राखेका छौँ," उहाँले भन्नुभयो, "हामीले बैंक तथा वित्तीय संस्थालाई पनि डिजिटलाइजेसनतर्फ अघि बढ्नका लागि अनुरोध गर्दै आइरहेका छौँ।" गर्भनर पौडेलले विगतमा वीरगञ्जमा फोटो स्टुडियो र गाडीको वर्क्सप तथा ग्यारेज सेन्टरहरु पर्याप्त भए पनि अहिले तिनीहरु क्रमशः कम हुँदै गइरहेको पनि बताउनुभयो।

"अहिले धेरैजसो व्यवसाय डिजिटल प्लेटफर्ममा अघि बढिरहेका छन्। त्यसैले अब उद्यमी तथा व्यवसायले नयाँतर्फ पनि आफूलाई परिवर्तन गर्दै लैजान जरुरी भइसकेको छ," उहाँले भन्नुभयो, "समयानुकूल आफ्नो व्यवसायको डिजिटल रणनीति तयार पारेर अघि बढ्नुपर्ने बेला भइसकेको छ। पक्कै पनि यहाँहरुले सोतर्फ ध्यान दिइरहनुभएकै होला।"

नेपालका आइटी कम्पनीलाई विदेशीमुलुकमा लगानी गर्नका लागि पनि सहज वातावरण बनाउँदै आइरहेको दाबी गर्नुभयो।

# सभापतिबाट राजीनामा नदिन थापालाई ललितपुरका जनप्रतिनिधिको आग्रह

काठमाडौँ, २८ फागुन (रासस)।

ललितपुर जिल्लाबाट स्थानीय तहमा नेपाली काङ्ग्रेसबाट निर्वाचित जनप्रतिनिधिले सभापति गगनकुमार थापालाई सभापतिबाट राजीनामा नदिन आग्रह गरेका छन्।

ललितपुरमा नेपाली काङ्ग्रेसबाट निर्वाचित जनप्रतिनिधिले बिहीबार संयुक्त प्रेस विज्ञप्ति जारी गरी वर्तमान जटिल राजनीतिक अवस्थामा थापाको नेतृत्व र अभिभावकत्व पार्टीका लागि अपरिहार्य रहेको बताएका हुन्। नेपाली कांग्रेसको गरिमामय इतिहास, वर्तमान राजनीतिक चुनौती, राष्ट्रियता र लोकतन्त्रको संरक्षणका साथै समसामयिक राजनीतिमा निर्वाह गर्नुपर्ने प्रभावकारी भूमिकाका लागि थापा योग्य व्यक्तित्व भएको विज्ञप्तिमा उल्लेख छ।

जनप्रतिनिधिहरुले पछिल्लो समय चर्चामा आएको सभापतिको राजीनामाको विषयलाई पूर्णतः नकार्दै पार्टीको सुदृढीकरणका लागि नेतृत्वको निरन्तरताको खाँचो औँल्याएका छन्। ऐक्यबद्धता जनाउनेमा ललितपुर जिल्ला समन्वय समिति प्रमुख ऋषिदेव फुँयाल, ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जन, गोदावरी नगरपालिका प्रमुख गजेन्द्र महर्जन र बागमती गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चनलगायत छन्।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविद्यालयको रुपमा विकसित गरिने

बागमती, २८ फागुन (रासस)।

बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्रदेश सरकार अन्तर्गतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविद्यालयको रुपमा विकास गरिने जानकारी दिनुभएको छ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत हेटौँडा अस्पतालको थप २०० शय्याको (विशिष्टकृत सेवा) नवनिर्मित भवनको बिहीबार शुभारम्भ गर्नुहुँदै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई निकट भविष्यमै विश्वविद्यालयको रुपमा विकास गर्ने कामको थालनी गरिसकेको बताउनुभयो।

"मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएका विद्यार्थी प्रमाणपत्र लिने बेलासम्ममा मदन भण्डारी स्वास्थ्य विज्ञान विश्वविद्यालय भइसक्नेछ", मुख्यमन्त्री बानियाँले भन्नुभयो, "त्यसका लागि प्रदेश सरकारले काम अघि बढाइसकेको छ, छिट्टै त्यसले पूर्णता पाउनेछ।"

लोकतन्त्र गरिबको व्यवस्था भएकाले गरिबलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन प्रतिबद्ध रहेको उल्लेख गर्नुहुँदै उहाँले हेटौँडा अस्पतालमा जनशक्ति र भौतिक पूर्वाधारको अभाव हुन नदिने बताउनुभयो।

चुनाबको बेला राजनीति स्वभाविक भए पनि जनताको स्वास्थ्य र शिक्षाको क्षेत्रमा राजनीति हुन नहुने जिकिर गर्नुहुँदै मुख्यमन्त्री बानियाँले स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौँडा अस्पताल बाहेक प्रदेशको १३ वटै जिल्लाका अस्पतालमा पनि विशेषज्ञ सेवा दिने गरी काम गर्नुपर्ने बताउनुभयो।

प्रतिष्ठानबाट उत्पादन हुने जनशक्तिले प्रदेशका सबै जिल्ला र पालिकास्तरमा रहेका अस्पतालहरुमा पनि स्वास्थ्य सेवा पुऱ्याउन सहयोगी हुने विश्वासव व्यक्त गर्नुहुँदै उहाँले अब सिक्दै र सिकाउँदै गरी शिक्षा दिनुपर्ने औँल्याउनुभयो। स्वास्थ्य क्षेत्रमा सुधार गर्दै नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन प्रदेश सरकार प्रयासरत रहेको बताउनुहुँदै मुख्यमन्त्री बानियाँले हेटौँडा अस्पतालमा यसअघि डाइलोसिस सेवाका लागि १४ वटा मेसिन जडान गरिएकोमा अहिले एकै पटक– थप १६ वटा बढाएर ३० वटा पुऱ्याइएको बताउनुभयो।

बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापा मगरले प्रदेश अन्तर्गतका जिल्ला अस्पताल तथा स्वास्थ्य संस्थामा औषधि तथा उपकरणको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो। गरिबका छोराछोरीलाई डाक्टर बन्न प्रदेश सरकारले छात्रवृत्ति लगायतका कार्यक्रमसमेत सञ्चालन गरेको बताउनुहुँदै स्वास्थ्यमन्त्री थापा मगरले उपचारको अभावमा कुनै पनि नागरिकलाई ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गरिने बताउनुभयो।

पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, प्रदेश सरकारका पूर्व स्वास्थ्यमन्त्री एकालाल श्रेष्ठ लगायतले अस्पतालको भवन निर्माणसँगै अस्पतालको सेवा विस्तारमा सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो।

सहरी विकास तथा भवन कार्यालय मकवानपुर हेटौँडाका प्रमुख इन्जिनियर भूपेन्द्रकुमार यादवका अनुसार भ्याटसहित कूल रु २६ करोड ६४ लाख २५ हजार २८० को लागतमा सो अस्पताल भवन निर्माण गरिएको हो।

# किशोरी साहको नाम कालोसूचीमा नराख्न अन्तरिम आदेश

**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन।**

सर्वोच्च अदालतले किशोरी साहको नाम कालोसूचीमा नराख्न अन्तरिम आदेश जारी गरेको छ।

साह धनुषा १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बनेका थिए। उनले गलत ढंगले आफ्नो नाम कालोसूचीमा राखिएको दाबीसहित साह सर्वोच्च अदालत पुगेका थिए।

न्यायाधीश सारंगा सुवेदीको इजलासले नेपाल राष्ट्र बैंक र कर्जा सूचना केन्द्रको नाममा अन्तरिम आदेश जारी गरेको हो।

यो आदेशसँगै साहको उम्मेदवारी खारेज गर्ने निर्वाचन आयोगको निर्णयसमेत निस्तेज हुने अवस्थामा पुगेको छ।

त्यसो हुँदा साहको उम्मेदवारी यथावत हुँदै उनले पाएको मत स्वभाविक हुने अवस्था आउनेछ।

निर्वाचन आयोगले साहको उम्मेदवारी खारेज गरे पनि फागुन २१ को निर्वाचनमा उनको चुनाव चिह्न घण्टीमा धेरै भोट आएको थियो। तर उम्मेदवारी नै खारेज भएको अवस्थामा उनीभन्दा धेरै कम मत पाएका नेकपाका उम्मेदवार मातृका यादवलाई आयोगले निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको थियो।

# इनिसा विकलाई न्याय दिनुपर्ने माग गर्दै माइतीघरमा प्रदर्शन

काठमाडौँ, २८ फागुन (रासस)।

इनिसा विकको हत्यामा संलग्नलाई कडा कारबाही गर्नुपर्ने माग गर्दै बिहीबार माइतीघर मण्डलामा प्रदर्शन गरिएको छ।

जात व्यवस्था उन्मुलन मोर्चा नेपालको अगुवाइमा दलित समुदायका युवाले इनिसाको बलात्कारपछि हत्या घटनाको निष्पक्ष, पारदर्शी र गम्भीर अनुसन्धान गर्नुपर्ने र पीडितलाई न्यायको निमित्त घटनाको निष्पक्ष, पारदर्शी र गम्भीर अनुसन्धान गर्नुपर्ने माग गर्दै प्रदर्शन गरेका हुन्।

उनीहरुले दोषीलाई कुनै पनि बहाना वा प्रभावका आधारमा उन्मुक्ति नदिन, अभियुक्तको उमेर घटाउने वा प्रमाण कीर्ते गर्ने प्रयास भए त्यसमा संलग्न सबैमाथि कडा कारबाही गर्नुपर्ने र पीडितका परिवारलाई न्याय, सुरक्षा तथा आवश्यक संरक्षण सुनिश्चित गर्नुपर्ने माग पनि गरेका छन्।

प्रदर्शनमा सहभागीहरुले 'बलात्कारीलाई कारबाही गर', 'स्टप रेप', 'इनिसाका परिवारलाई न्याय दे' र 'अपराधीलाई छुट दिन पाइँदैन' लेखिएका प्लेकार्ड बोकेका थिए।

सोही अवसरमा दलित अभियन्ता रुपा सुनारले घटना भएको पाँचौं दिनसम्म पनि दोषीलाई कारबाही गर्ने विषयमा राज्यले बेवास्था गरिरहेको भन्दै गुनासो गर्नुभयो।

सुर्खेतस्थित गुर्भाकोट नगरपालिका-६, बडाखोली स्थायी घर भई हाल वीरेन्द्रनगर-१ मा बस्दै आएकी १६ वर्षीया इनिसा फागुन २३ गते बिहान बीरेन्द्रनगर-४, सहिद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा फेला परेकी थिइन्। उनलाई प्रहरीले प्रदेश अस्पताल कालागाउँमा पुऱ्याएकामा चिकित्सकले मृत घोषणा गरेका थिए। मृतकका आफन्तहरूले सामूहिक बलात्कार भएको भन्दै २५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएको थियो।

प्रहरीको प्रारम्भिक अनुसन्धानले इनिसाको बलात्कारपछि मृत्यु भएको देखाएको छ। सो घटनामा सुर्खेत प्रहरीले चार जनालाई पक्राउ गरेको छ। राष्ट्रिय दलित नेटवर्क, नेपाल र पर्यावरणीय लोकतन्त्रका लागि नागरिक अभियानलगायत सङ्घसंस्थाले पनि सोही घटनाका दोषीलाई कारबाही गर्नुपर्ने माग गरेका छन्।

सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*